# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गोंगबु, काठमाडौंका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०१/०९ गते बुधबारको राजधानी राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेन्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीले शेयर कर्जा शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय गोंगबु, काठमाडौंमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्तात् मिति २०८३/०२/२० गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय गोंगबु, काठमाडौंमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| **ऋणी तथा जमानतकर्ताको विवरण :** | |
|---|---|
| **ऋणी : सन्तोष पाण्डे 'सागर'** (ना.प्र.नं. ३१२०१, जारी मिति २०५६/१०/०७, जि.प्र.का. लमजुङ) । स्थाई ठेगाना : लमजुङ जिल्ला, राईनास न.पा. वडा नं. ७ (साविक धमिलीकूवा गा.वि.स. वडा नं. ५) । हालको ठेगाना : काठमाण्डौ जिल्ला टोखा न.पा. वडा नं. ६, ग्रान्डी भिला कोलोनी, घर नं. : १२८, ब्लक नं. १८ ऋ, धापासी । बाबु : कृष्ण बहादुर पाण्डे । बाजे : ऐक दब पाण्डे । | **जमानतकर्ता : पुजन कुमारी काफ्ले** (ना.प्र.नं. ३५१७०७१०, जारी मिति २०६१/०८/१३, जि.प्र.का. सर्लाही) । स्थाई ठेगाना : सर्लाही जिल्ला, हजारिया गा.वि.स. वडा नं. ३ । हालको ठेगाना : काठमाण्डौ जिल्ला टोखा न.पा. वडा नं. ६, ग्रान्डी भिला कोलोनी, घर नं. : १२८, ब्लक नं. १८ ऋ, धापासी । बाबु : यज्ञ बहादुर काफ्ले । पति : सन्तोष पाण्डे 'सागर' । ससुरा : कृष्ण बहादुर पाण्डे । |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. ऋणी **सन्तोष पाण्डे 'सागर'** को नाममा रहेको **ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.** को ८,७११ कित्ता संस्थापक शेयर र उक्त संस्थापक शेयर बापत प्राप्त हुन आएको हकप्रद तथा बोनश शेयर समेत ...१

**लिलामीका शर्तहरु**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय कर्जा असुली बिभाग बबरमहल, काठमाण्डौ र **शाखा कार्यालय गोंगबु, काठमाडौंबाट** प्राप्त गर्न सकिनेछ ।
२. शेयर नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. सकारगरी लिन चाहेको संस्थापक शेयर के कती शेयर संख्या के कति रकममा लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । यदि अंक र अक्षरमा अस्पष्ट भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
४. बोलकवोल कर्ताले बोलपत्र आवेदन फारममा आफ्नो नाम, ठेगाना, टेलीफोन नम्बर, **ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.**को साबिक शेयरधनी कभएमा शेयरधनी नम्बर लगायत फारममा उल्लेखित सम्पूर्ण बिवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्नेहरु मध्ये **ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.**का बिद्यमान संस्थापकहरुलाई प्रथम प्राथमिकता दिईनेछ, तर संस्थापकबाट आंशिक शेयर खरिद गर्न तथा अन्य बोलपत्रकर्ता भन्दा कम रकमको बोलपत्र पेश गरेमामात्र नयाँ लगानीकर्तालाई स्थान दिइनेछ । उक्त शेयर लिलाम खरिद गर्न नयाँ लगानीकर्ताले नेपाल राष्ट्र बैंकले तोकेको योग्यता परिक्षण (Fit and Proper Test) मा सफल भएको हुनु पर्नेछ । बोलकबोलकर्ताले नेपाल राष्ट्र बैंकबाट नियमानुसार लगानी गर्ने रकमको स्रोत खुल्ने कागजात एवं संस्थाको हकमा पछिल्लो आ.व. को कर चूक्ता प्रमाणपत्र कर दाखिला निस्सा संलग्न गर्नुपर्ने छ । साथै, सम्बन्धित बोलपत्र कर्ता कर्जा सूचना केन्द्रको कालो सूचिमा नरहेको हुनुपर्नेछ ।
६. बोलपत्र कर्ता नेपाली नागरिक, संस्था, फर्म वा कम्पनी हुनुपर्नेछ । बोलपत्रकर्ता ब्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संस्था/फर्म/कम्पनि भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणको प्रतिलिपि आवेदन साथ अन्य आवश्यक काजगजातहरु पेश गर्नुपर्नेछ ।

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

Size: 3x26